खुशीको सन्देश बाइबल अध्ययनको हातेपुस्तक

# माइलीस जनातुइनेन् ।

## भाग १ः खुशीको सन्देश बाइबल अध्ययन भनेको के हो ?

### सुसमाचारीय क्रियाकलाप

सानो समूह भनेको सधैं नै नयाँ मानिसहरूसमक्ष पुग्ने एउटा यातायातको साधन हुँदै आएको छ भन्ने कुरा हामी मण्डली इतिहासबाट सिक्न सक्छौं । खुशीको सन्देश समूहलाई सुरु गरेर तथा तपाईंले आफ्ना आफन्तहरू, छिमेकीहरू तथा साथीहरूलाई येशू परिचित गराउन सक्नुहुन्छ । कतिपय मानिसहरू मण्डलीमा आउनुभन्दा पनि पहिले सानो समूहमा घरमा वा अन्यत्र भेटघाट गर्न मन पराउँछन् ।

### सर्वसाधारण क्रियाकलाप

खुशीको सन्देश समूहलाई सजिलैसँग डोऱ्याउन सकिन्छ र त्यो पाष्टरले नभएर सर्वसाधारण व्यक्तिद्वारा नेतृत्व गरिएको हुनुपर्दछ । त्यसैले एउटै झुण्डमा यस्ता थुप्रै स-साना समूहहरू हुन सक्ने सम्भावना ज्यादै छ ।

### खोजद्वारा सिक्नु

सहभागीहरूले प्रश्नहरूका उत्तरहरू दिने भएका हुनाले, उनीहरूले सधैं नै मूलपाठमा धेरै कुराहरू खोज्ने गर्दछन् । अरूले अघिबाटै पत्तो लगाइसकेका कुराहरूलाई सुनेर मानिसहरूले जति सिक्छन्, त्योभन्दा धेरै तथा प्रभावकारीपूर्ण तरिकाले उनीहरूले आफ्ना खोजहरूबाट सिक्ने गर्दछन् । यसरी तपाईंको व्यक्तिगत बाइबल अध्ययनमा, यी बाइबल अध्ययनहरूले तपाईंलाई धेरै मद्दत गर्न सक्छन् ।

### येशूलाई भेट गर्ने स्थान

येशू वचन हुनुहुन्छ र उहाँ देहधारी हुनुभयो । यसको अर्थ हामीले बाइबलमा येशूलाई सधैं नै भेट गर्न सक्छौं भनी भनिएको हो । खुशीको सन्देश समूहको उद्देश्य भनेको इसाईत्वबारे यथार्थहरूलाई सिकाउनु मात्र होइन, तर मानिसलाई जीवित मुक्तिदाता भेटघाट गराउनु पनि हो । बाइबल अध्ययनको समयमा

येशू आफैले नै सहभागीहरूसँग बोल्नुहुन्छ र सहभागीहरूलाई मद्दत गर्दै सान्त्वना दिनुहुन्छ । मत्ती १८:२० लाई हेर्नुहोस् ।

### इसाई सङ्गति जहाँ अइसाईहरूलाई पनि स्वागत छ

जब हामी एकसाथ बाइबलको खण्डलाई अध्ययन गर्छौं, तब हाम्रो जीवनमा पनि कुनै नै कुनै कुराहरू घट्ने गर्दछ । हृदयहरू खोलिन्छन्; समस्याहरू बाँडिन्छन् । अनि जब सङ्गति अर्थपूर्ण हुन्छ, मानिसहरूले उनीहरूका साथीहरूलाई ल्याउँदछन् र समूह बढ्न थाल्दछ ।

### परम्परागत बाइबल अध्ययन तथा खुशीको सन्देश समूहले गर्ने बाइबल अध्ययनमा के फरक छ ?

“बाइबल अध्ययन” भन्ने शब्दले थुप्रै किसिमका भेलाहरूलाई सङ्केत गर्न सक्दछ । कहिलेकाहीँ पाष्टरहरूले केवल बाइबलको कुरालाई मात्र व्याख्या गर्ने गर्दछन् । सामान्यतया सहभागीहरूसँग इसाईत्वबारे अघिबाटै केही हदसम्म पूर्वज्ञान भइसकेको अपेक्षा गरिन्छ । तर खुशीको सन्देश समूहमा त्यस्तो हुँदैन किनकि हाम्रो अध्ययनमा प्रश्नहरूलाई यस्तो प्रकारले लेखिएका हुन्छन् कि नवआगन्तुकहरूले समेत ८० प्रतिशत कुरा बुझ्न सक्छन् । त्यसैकारणले खण्डमा हेरेर नै कुनै पनि व्यक्तिले त्यसमा छलफल गर्न सक्छ । यी प्रश्नहरूका सहायतामा, सहभागीहरूलाई उनीहरूका जीवनमा सिकेका कुराहरू प्रयोग गर्न समेत उत्साह मिलेको हुन्छ किनकि त्यसरी नै अगुवाइ गरिएको हुन्छ । थप एउटा कुरा: खुशीको सन्देश समूहहरूमा हामी “सही उत्तरहरूतर्फ” कुद्ने गर्दैनौं, तर सहभागीहरूले पाठबारे के सोच्छन् तिनै कुराहरूलाई गर्नको निम्ति हामी उत्साह दिइरहेका हुन्छौं ।

## भाग २: खुशीको सन्देश समूहलाई सुरु गर्नको निम्ति तपाईंलाई के कुराको खाँचो पर्दछ ?

- **स्थानको:** तपाईं मानिसहरूका घरमा, मण्डलीमा वा रूखमुनि पनि भेला हुन सक्नुहुन्छ ।
- **दुई अगुवाहरू:** प्रश्नहरू सोध्ने प्रमुख अगुवा तथा उसलाई सहायता गर्ने अगुवा । उनीहरूले समूहलाई सुरु गर्नुभन्दा पहिले खुशी सन्देशको बाइबल अध्ययन तालिमलाई उनीहरूले लिएको हुनुपर्दछ । उपअगुवाको भूमिका भनेको छलफलमा सहायता गर्नु तथा ढीलो आउनेहरूलाई डोऱ्याउनु ।
- **बाइबलहरू:** राम्रो परिस्थितिमा हरेक व्यक्तिसँग सुसमाचारीय पुस्तक अर्थात् बाइबल हुन सक्छ । यस्ता अध्ययनहरूका लागि, सरल अनुवादको बाइबल वा सुसमाचारीय पुस्तकहरू हुन आवश्यक छ । अफ्रिकामा थुप्रै फरक भाषाहरू तथा असाक्षरताले समस्या उत्पन्न गरेको पाइन्छ । यसरी छलफल गर्नुभन्दा पहिले आफ्नो मातृभाषामा नै उसले/उनले सुसमाचारीय खण्ड वा बाइबललाई राम्रोसँग पढेको वा सुनेको हुनुपर्दछ ।

- **प्रश्नहरूः** खुशीको सन्देश बाइबल अध्ययनहरू भनेको प्रश्नोत्तरमा आधारित अध्ययन भएको हुनाले, अगुवाको हातमा खुशीको सन्देश बाइबल अध्ययन मार्गनिर्देशिकालाई उनीहरूले आफ्नो हातमा राख्नुपर्ने हुन्छ । त्यो तपाईंले यो ठेगानामा पाउन सक्नुहुन्छ ।
  जस्तैः www.gladtidings-bs.com

- **सहभागीहरूः** ४-८ मानिसहरूका समूहलाई राम्रो मान्न सकिन्छ । इसाई तथा गैरइसाईहरूलाई स्वागत छ । ठूलो समूहमा बाइबलका खण्डहरूलाई छलफल गर्नुभन्दा सानो ४-८ सङ्ख्या भएको सानो समूहमा गर्न सजिलो हुन्छ । यदि तपाईंको भेलाहरूमा १२ भन्दा बढी मानिसहरू आउँछन् भने, दुई समूहमा विभाजन गर्नुहोस् र तपाईंले एउटा समूह र तपाईंको सहयोगीले अर्को समूहलाई डोऱ्याउनुहोस् । यदि एकसाथ धेरै भेला हुन्छन् भने, दुईओटा फरक स्थानहरू वा घरहरूमा भेला हुनुहोस् ।

- **चियापाना इत्यादिः** चियापान आदि जस्ता कुराहरू भनेका बैकल्पिक हुन् र हुनै पर्दछ भन्ने जरुरी छैन । यदि भयो भने पनि साधारण प्रकारको बनाउनुहोस् । ख्रीष्टमस वा अन्य विशेष दिनहरूमा, उक्त दिनभन्दा अगावै, एक विशेष समारोह आयोजना गरेर भोजन दिन सक्नुहुन्छ ।

## बाइबल अध्ययनको लागि तपाईंले कसरी आफैलाई तयारी गर्नुहुन्छ ?

- अगुवा तथा उपअगुवाहरूले एकसाथ प्रश्नोत्तरहरूलाई छलफल गरेर तिनीहरूको अर्थलाई सही प्रकारले बुझेको पक्का गराउन सक्छन् ।

- सहभागीहरूका लागि दुई अगुवाहरूले एकसाथ बसेर प्रार्थना गर्न सक्नेछन् ।

## भाग ३ः अध्ययनको समयमा अगुवाले के गर्दछ ?

- **परिचयः** यदि सहभागीहरूले एक-अर्कालाई चिनेका छैनन् भने, परिचयको साथ अध्ययनलाई सुरु गर्न सक्छन् ।
- **प्रार्थनाः** शास्त्र खण्डहरूद्वारा परमेश्वरले सहभागीहरूका जीवनमा बोल्नुभएको होस् भनी प्रार्थना गर्नुहोस् । (यदि गैरइसाईहरू आएका छन् भने, सामान्य प्रकारले प्रार्थना गर्नुहोस् र कुनै पनि अप्ठेरो पार्ने किसिमको प्रार्थना नगर्नुहोस् । अर्थात्, मनमनै प्रार्थना गर्नुहोस्) ।
- **नीतिनियमहरूः** अगुवाले यस खुशीको सन्देश बाइबल अध्ययनको तीनओटा नियमहरूलाई व्याख्या गरिदिनुपर्ने हुन्छ । १) अध्ययनको समयमा, अगुवाले उसको/उनको आफ्नै प्रश्नहरूको जवाफ दिने छैनन् । २) अगुवाले कहिल्यै पनि उत्तर गलत छ भनी भन्ने छैन । ३) यदि कसैले

छलफललाई अन्यत्र मोड्न खोजेको देखिएमा, अगुवाले पुनः फर्काएर सही मार्गमा ल्याउनुपर्ने हुन्छ ।

- **पाठ पाठनः** सहभागीहरूले बाइबलको पाठलाई दुई पटक पढ्नुपर्ने हुन्छ । यदि मानिसहरूले दुई फरक भाषाहरूमा फरक बाइबलहरू प्रयोग गरिरहेका छन् भने, पाठलाई दुवै भाषाका बाइबलमा पढिदिनुहोस् । यदि ती दुवै भाषालाई नबुझ्ने कोही छन् भने, सरल भाषामा ती खण्डहरू उनीहरूलाई बुझाइदिनुहोस् ।
- **पृष्टभूमिय जानकारीहरूः** अगुवाले सुरुको प्रश्नदेखि नै सबै प्रश्नहरूका पृष्टभूमिय जानकारीहरूलाई पढेर सुनाइदिन्छन् र ती बुझेको पक्का गराउँछन् ।
- **प्रश्नहरू सोध्नुः** अगुवाले एक पटकमा एउटा प्रश्नलाई सोध्दछन् र एकभन्दा बढी उत्तरहरूको अपेक्षा गर्छन् । प्रश्नहरू क्रमसङ्ख्यामा हुनेछन् वा यस्तो * चिन्हद्वारा इङ्गीत गरेको हुनेछ । यदि कसैले पनि सोधिएको प्रश्नको जवाफ नदिएमा, कोष्ठभित्र भएको प्रश्नहरूलाई पढिदिनेछन् ।
- **प्रश्नहरूका उत्तर दिनुः** उत्तर दिने कार्य भनेको स्वेच्छित हो । कसैलाई पनि उत्तर दिन बाध्य नपार्नुहोस् । यदि मानिसहरूले उनीहरूका हात उठाए भने, छिट्टो उठाउनेलाई मात्र मौका नदिनुहोस् तर अरूलाई पनि पर्खनुहोस् । यदि एकभन्दा बढी मात्रामा मुद्रित प्रश्नहरू उपलब्ध गराइएका छन् भने, लिखित रूपमा नपाएसम्म बुझ्न नसकिने व्यक्तिहरूलाई त्यो उपलब्ध गराउनुहोस् ।
- प्रश्नहरू सोध्ने क्रममा, केवल प्रश्नहरूमा मात्र नहेर्नुहोस् तर मानिसहरूलाई हेर्नुहोस् । समूहमा के भइरहेको छ, सो हेर्नुहोस् । यदि अगुवाहरू इमानदार हुन्छन् भने, अरू पनि त्यस्तै हुनेछन् ।
- **कुनै टिपोटहरू होइनः** खुशीको सन्देश समूहमा कसैलाई पनि टिपोट गर्न नलगाउनुहोस् । यदि सहभागीहरूले लेख्छन् भने, उनीहरूले कुराकानी गर्दैनन् ।
- **समयलाई ध्यान दिनुहोस् ।** बाइबल अध्ययनको समय अवधि भनेको साढे एक घण्टाभन्दा बढी हुनु हुँदैन । यदि अध्ययन समयलाई त्योभन्दा लामो बनाएर तन्काइन्छ भने, मानिसहरू थाक्नेछन् र पुनः फेरि सायद आउने छैनन् होला । यदि समूह धेरै कुराकानी तथा छलफल गर्ने मात्र हुन्छ भने, अगुवाहरूले कतिपय प्रश्नहरूलाई छोड्नुपर्ने हुन सक्छ । तरैपनि, अन्तिम प्रश्नहरूलाई कहिल्यै पनि त्यतिकै नछोड्नुहोस् किनकि ती अति नै महत्वपूर्ण हुन्छन् ।
- **अन्त्यमा खुशीको सन्देशः** प्रश्नहरूका अन्त्यमा, सधैँ नै खुशीको सन्देश रूपी वाक्य वा खुशीको सन्देशको प्रश्नहरू हुने गर्दछ र ती प्रश्नहरूले सहभागीहरूलाई क्रूसको फेदीमा पुर्‍याउँदछ । यदि त्यो वाक्य हो भने, अगुवाले त्यसलाई दुई पटकसम्म पढिदिन्छ र सबै सहभागीहरूले सुसमाचारलाई बुझेको पक्का गराउँछ ।
- **अन्तिम चरणः** जब खुशीको सन्देश चरण समाप्त हुन्छ, अगुवाले यसरी भन्दछः यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभयो ? मलाई बताउनुहोस् । अब सबै सहभागीहरूले केही न केही बताएको अपेक्षा गरिन्छ । उनीहरूलाई एक मिनेटको चिन्तन गर्ने समय दिनुहोस् । क्रमिक रूपले सोध्नुहोस् ।

- **अगुवाको अन्तिम टिप्पणीः** अन्तिममा अगुवाको उसको/उनको खोजलाई बताउने समय आएको छ। यदि उसले/उनले चाहेमा केही मिनेटको समय लिएर प्रचार गर्न सक्नेछ/सक्नेछिन्।
- **प्रार्थनाः** यदि अध्ययनको समयमा सहभागीहरूले कुनै पनि किसिमको समस्याहरू वा अन्य कुराहरूको निम्ति प्रार्थनाको अनुरोध गरेका भए, अन्तिममा अगुवाले परमेश्वरलाई धन्यवाद दिँदै उल्लेख गरिएका कुराहरूका बारेमा प्रार्थनाबिन्ती चढाउन सक्नेछन्।
- यदि एउटै मात्र व्यक्तिले येशूको प्रेमलाई महसुस गर्दछ भने पनि अध्ययन सफल भएको कुरा अगुवाले निष्कर्षस्वरूप घोषणा गर्न सक्दछ।

## सहअगुवाको भूमिका

- सहअगुवालाई प्रश्नहरूको उत्तर दिने अनुमति दिइएको छ।
- अध्ययनमा ढीलो आइपुग्ने व्यक्तिहरूलाई अध्ययनको पाठ देखाइदिने तथा त्यतिबेलासम्म चर्चा भएको कुरा वर्णन गरिदिने जिम्मेवारी सहअगुवालाई दिइएको छ।
- जब समूह ठूलो हुन्छ र त्यसलाई दुई भागमा विभाजन हुन आवश्यक हुन्छ, तब सहअगुवा नयाँ समूहको प्रमुख अगुवा हुन जान्छ।

## भाग ४: अगुवाले सामना गर्न सक्ने केही समस्याहरू

**जब कसैले केही बताउँदैनन्, तब तपाईंले के गर्नुहुन्छ ?**
नयाँ समूहमा सोधिएको पहिलो दुई-तीनओटा प्रश्नहरू सोधिएको समयमा यो समस्या भनेको सामान्य हुन्छ। नअत्तालिनुहोस्। यदि तपाईंले उनीहरूका प्रश्नहरूको उत्तर दिनुहुन्न भने, मानिसहरूले उत्तर दिन थाल्ने छन्। मौन समय लामो भएको छ भनी केवल अगुवाले मात्र थाहा गर्न सक्छ। अरूले बाइबलीय पाठबारे चिन्तन गर्न थाल्नेछन्। यदि कसैले उत्तर दिँदैनन् भने, पुनः एकपटक तपाईंले तिनै प्रश्नहरूलाई सोध्नुपर्ने हुन्छ।

- अलि फरक प्रकारले ती प्रश्नहरूलाई सोध्नुहोस्।
- अनि कुनै उत्तर नदिई अर्को प्रश्नतिर अघि बढ्नुहोस्।

यदि कुनै सहभागीले सोधिरहेको कुनै पनि प्रश्नको उत्तर तपाईंलाई थाहा छैन भने, तपाईंले के गर्नुहुनेछ होला ?

- अन्य सहभागीहरूलाई उत्तर दिन उत्साह दिनुहोस्। तपाईंलाई थाहा नभएको कुरा अरू कसैलाई थाहा हुन सक्छ।

- पछि त्यसको उत्तर पत्तो लगाएर बताउने प्रतिज्ञा गर्नुहोस् र त्यसलाई पूरा गर्नुहोस् ।
- आफूलाई थाहा नभएको कुरा तपाईंले स्वीकार गर्दै अघि बढ्न सक्नुहुनेछ ।

**यदि कसैले गलत उत्तर दिएको छ भने** तपाईंले के गर्नुहुन्छ होला ?
त्यस्तो अवस्थामा तपाईंले कहिल्यै पनि सहभागीहरूका अघि ऊ/उनी गलत भएको कुरालाई नबताउनुहोस् । अन्यथा, उसलाई/उनलाई नराम्रो लाग्न सक्नेछ ।

- पुनः अरूलाई सोध्नुहोस् । सामान्यतया कसैले सही उत्तर दिइरहेको हुन्छ ।
- उक्त व्यक्तिलाई यसरी सोध्नुहोस्: "खण्डबाट त्यसरी सोच्ने प्रेरणा तपाईंलाई कसरी मिल्यो ?" अनि शास्त्रखण्डले त्यसरी जवाफ दिएको छैन भन्ने कुरा उसले थाहा पाउनेछ । (यद्यपि उसको अपेक्षा शास्त्रखण्डले त्यसरी जवाफ दिएको छ कि भन्नेजस्तो लागे तापनि) ।

**यदि सहभागीहरू पाठभन्दा बाहिर गएका छन् भने तपाईंले के गर्नुहुन्छ होला ?**

मानिसहरू त्यसरी जाने सम्भावना सधैं नै रहन्छ ।

- यस्तो किसिमको समस्यालाई समाधान गर्नको निम्ति, तपाईंले अध्ययनको सुरुमै यी तीन नीतिहरूलाई उल्लेख गर्नुपर्ने हुन्छ । जस्तैः "यदि तपाईंले अन्य कुराहरूको बारेमा चर्चा गर्न थाल्नुभयो भने, म तपाईंलाई पुनः फर्केर मुलपाठमा नै ल्याउनेछु ।"

- यदि कसैले उसको/उनको अनुभवबारे बाँड्न चाहन्छ तर त्यो पाठसँग सम्बन्धित छैन भने, तपाईंले यसरी भन्न सक्नुहुनेछ, "प्रश्नहरू सुनिसकेपछि तपाईंले कथालाई निरन्तरता दिंदै बाँकी कथालाई पूरा गर्न सक्नुहुनेछ ।" (वा चियाको बेलामा ती छलफल गर्न सक्नुहुनेछ) ।

**यदि कसैले प्रवचनझैं लामो उत्तर दिने चेष्टा गरिरहेको छ भने के गर्नुपर्दछ होला ?**

- यदि तपाईंको समूहमा त्यस्ता कुनै व्यक्ति छन् भने, अध्ययनको सुरुमै तपाईंले यसरी भन्न सक्नुहुनेछ, "छोटो उत्तर दिनुहोला ताकि हामीले जतिसक्दो धेरै विचारहरूलाई सुन्न सकौं ।"

- जब यस व्यक्तिले सास रोक्न थाल्दछ तब अर्को प्रश्नहरूतिर अघि बढ्नुहोस् ।

**यदि उही व्यक्तिले हरेक उत्तर दिने चेष्टा गर्दछ भने, तपाईंले के गर्नुहुन्छ ?**

- जेपनि होस् जब तपाईंले यो व्यक्तिको मुख बन्द भएको देख्नुहुन्छ, तब अरूका विचारहरूलाई पनि सोध्ने गर्नुहोस् ।

- यो समस्याबारे ऊ वा उनीसँग गोप्य रूपले छलफल गर्नुहोस् ।

**यदि कुनै सैद्धान्तिक विषयवस्तुहरूमा असहमति देखिएमा तपाईंले के गर्नुहुन्छ होला ?**

सुसमाचारीय पाठहरूसँग त्यस्तो कहिल्यै पनि हुँदैन, तरैपनि यदि हुन गएमा...

- दुवैको दृष्टिकोणलाई साराँशित पार्नुहोस् ।
- असहमत भएको कुरालाई स्वीकार गर्नुहोस् र अघि बढ्नुहोस् ।
- यदि कुनै विषयवस्तु अति नै महत्वपूर्ण छ भने, अर्को भेटमा तपाईंको आफ्नो पाष्टरलाई बोलाउनुहोस् र त्यो वर्णन गर्न लगाउनुहोस् ।

**यदि कुनै सहभागीले एउटै पनि शब्द बोल्दैन भने के हुन्छ ?**

उसलाई कुराकानी गर्न बाध्य नपार्नुहोस् । यदि यो व्यक्तिले साँच्चिनै बोल्न नचाहेको हो कि होइन भनी पत्तो लगाउनुहोस् । यसरी मौन बस्ने व्यक्तिहरूले आफ्ना अगुवाको अनुहारमा प्रायः हेर्ने गर्दैन ।

**यदि आधा जति सहभागीहरू ढीलो आउँछन् भने, तपाईंले के गर्नुहुन्छ होला ?**
**यदि मानिसहरूले बाइबल अध्ययनको नीतिहरूलाई बुझ्दैनन् भने के हुन्छ होला ?**
**यदि कुनै सहभागी अशिक्षित छन् भने के हुन्छ ?**
**यदि बच्चाले छलफललाई अरुद्ध गर्दछ भने के हुन्छ ?**
**यदि तपाईंले बोलिरहनुभएको भाषालाई तपाईंको समूहमा कसैले बुझ्दैन भने के हुन्छ ?**
**यदि एउटा मुसलमान तपाईंको बाइबल अध्ययनमा आउँछ भने के हुन्छ ?**